# कुसुण्डा जातिको संस्कृतिमा आधुनिक शिक्षा

**नारायणप्रसाद अधिकारी**
उपप्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर

**अध्ययनको सार**

**प्रस्तुत अध्ययन कुसुण्डा जातिको संस्कृतिमा आधुनिक शिक्षा विषयमा गरिएको हो । यस अध्ययनको मुख्य उद्देश्य कुसुण्डा जातिको संस्कृतिमा आधुनिक शिक्षाको खोजी गर्नु हो । यो अध्ययन मूलतः गुणात्मक अनुसन्धान ढाँचामा तयार गरिएको छ । लोपोन्मुख जाति भएकाले प्युठान तिरामका कुसुण्डा परिवार र दाङ अम्वापुरका कुसुण्डा परिवार गरी दुई परिवारलाई अध्ययनको नमुनाको रूपमा छनोट गरिएको छ । यस अध्ययनमा विशेष गरी खुला प्रश्नावली, सर्वेक्षण, अवलोकन र भलाकुसारी जस्ता साधनहरूको प्रयोग गरी तथ्याङ्क लिइएको छ । कुसुण्डाहरू निःसन्देह वनमान्छे हुन् तर संस्कृतीकरण, स्तरीकरण तथा सामाजिकीकरण भएका इमान्दार वनमान्छे माग्ने, पंक्षीको सिकार गर्ने, जिरह नगर्ने, खुर भएका जनावरको मासु नखाने, गाईको गोबर नछुने, सामाजिक सम्बन्ध भएका, आफ्नो प्रजातीय अस्तित्व गुमाउन पुगेका जातिको रूपमा पाइयो । यस जातिको भाषा र संस्कृति पूर्णतया मरेको छैन बरु त्यसलाई जोगाउन तथा लिपिबद्ध गर्न थप अनुसन्धान गर्नुपर्ने देखिन्छ । उनीहरूको मौलिक संस्कृतिमा रहेका राम्रा कुराहरूलाई आधुनिक शिक्षा प्रणालीमा एकाकार गर्नुपर्ने सुझाव रहेको छ ।**

**मुख्य शब्द**ः कुसुण्डा, वनमान्छे, संस्कृतीकरण, भ्रमणशील, लोपवान, कुश, धनुकाँड ।

## १. पृष्ठभूमि

नेपालको सांस्कृतिक विविधता नै नेपाली जनजीवनको विशेषता हो । राष्ट्रको अमूल्य निधि हो । यो निधि अन्तर्गत भाषा, लिपि, साहित्य, कला र संस्कृतिको विकास गर्ने, जगेर्ना गर्ने, एकता सुदृढ बनाउने, पिछडिएका र लोपोन्मुख जनजाति तथा समुदायको उत्थान गर्ने नीति राज्यले लिएको छ (नेपालको अन्तरिम संविधान, २०६३) ।

विश्वमा अहिले कम्तीमा २० करोड मानिस प्रारम्भिक हैसियतको जीवन यापन गरिरहेका छन् (बोड्ने, सन् १९८८) । कबिला, प्रजाति, आदिबासी जे जस्ता शब्दले सम्बोधन गर्दा पनि लगभग समेटिने यो मानव समाज अधिकांशतः सिकारमा आश्रित छन् । वन्य उत्पादन सङ्कलन गरेर जीवन गुजार्छन्; जङ्गल-जङ्गल घुम्ने भ्रमणशील जीवनशैलीमा प्रतिबद्ध छन् । सबै मानव समाजलाई परिवर्तनको एउटै स्वरूपमा समेट्न खोज्नु उपयुक्त होइन भन्ने हो भने यस्ता समाजलाई आधुनिक सिकारी सङ्ग्रही समाज भन्नुपर्ने हुन्छ । यिनका पनि जातजाति छन् । जातजाति भनेको समाजको तहयुक्त आन्तरिक विभाजन हो, जसको सदस्यमा स्थायी र पुर्ख्यौली हुन्छ (बेरमेन, सन् १९७२ : १९८) । त्यही पुर्ख्यौली समातेको कथित 'बर्बर' र 'असम्म' मानव जाति अझै अस्तित्वमा छ तर उसको जिउने गति फरक भएको छ । उनीहरू अब विसुद्ध प्राचीन सिकारी सङ्ग्रही पनि होइनन् (लुइँटेल, २०५५) । यही स्थितिमा कुसुण्डा जाति बाँचेको छ । यो जातिलाई लुइँटेलको शब्दमा औपनिवेशिक लहरले दबाएको छ, जनसङ्ख्याको विस्तारले पिरोलेको छ, प्राकृतिक स्रोत माथिको बढ्दै गएको बाह्य चापले घचेटेको छ, वन संरक्षणको नाममा स्थापित पार्क र निकुञ्जहरूले लखेट्दै गएको छ ।

हिमाली श्रृंखलाको पूर्वी खण्ड र नेपालको पश्चिम पहाडी क्षेत्रमा जङ्गल-जङ्गल विचरण गर्दै हिँड्ने कुसुण्डा वास्तवमा कस्ता प्रजाति हुन् ? उनीहरूको शिक्षा, प्राकृतिक जीवनशैली कस्तो छ ? उनीहरूले कसरी त्यो प्राकृतिक शिक्षा र जीवनशैलीलाई व्यवस्थापन गर्थे ? किन गाउँघरमा गाली-गलौच गर्दा कुसुण्डा जस्तो भनेर भन्ने गरिन्छ ? किन सरकारले लोपोन्मुख जातिको भाषा-संस्कृति संरक्षण गर्न सकेन त भनी खोज्ने रहर मलाई जागेकाले यो शोधखोज गरिएको हो ।

कुसुण्डा नेपाली भाषाभाषी र हिन्दू धर्मावलम्बी हुन् (भट्टराई, २०५५) । मानवशास्त्री तथा अन्य

अध्ययनकर्ताहरूले पनि नेपालका कुसुण्डा र राउटेलाई दक्षिण एसियाका अन्तिम सिकारी सङ्ग्रही प्रजाति (राइनहार्ड, सन् १९७४), नेपालका एक मात्र घुमन्ते सिकारी (विष्ट, सन् २०००), सङ्कटमा परेका प्रजाति (सिंह, सन् १९९७) जस्ता धेरै विशेषणद्वारा चित्रण गर्दै आदिम मानव समाजको यो नमुना छिट्टै लोप हुने अवस्थामा छ (विष्ट, पूर्ववत्) भन्ने निष्कर्ष निकालेका छन् । यही पृष्ठभूमि र सन्दर्भमा यो अध्ययन प्युठान, तिराम र दाङ अम्बापुरका कुसुण्डा जातिको संस्कृतिमा आधुनिक शिक्षाको खोजीमा केन्द्रित गरिएको छ ।

## २. अध्ययन विधि

यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा तयार गरिएको हो । यस अध्ययनको लागि प्युठान जिल्लाको तिराम गा.वि.स. मा बसोबास गर्ने एउटा कुसुण्डा परिवार तथा दाङ जिल्लाको त्रिभुवन नगरपालिका अम्बापुर बस्ने एउटा कुसुण्डा परिवारलाई अध्ययनको जनसङ्ख्याको रूपमा लिइएको छ । लोपवान, अल्पसङ्ख्यक कुसुण्डा जाति भएकाले उल्लिखित दुवै परिवारका पाका पुरुष तथा महिलालाई अध्ययनको नमुनाको रूपमा लिइएको छ । साथै अध्ययनको नमुनाको रूपमा दुवै स्थानका गैर कुसुण्डा (बुढापाका), शिक्षक वर्ग, जानकार व्यक्ति आदिलाई नमुनाको रूपमा छनोट गरी अध्ययन गरिएको छ । अध्ययनका साधनहरूमा खुल्ला र बन्द प्रश्नावली प्रयोग गरिएको छ । पढ्न लेख्न जान्नेहरूलाई उनीहरूबाटै भराइयो । पढ्न लेख्न नजान्नेहरूका लागि खुल्ला प्रश्न गरी धारणाहरू टिपिएको थियो । साथै सहभागितामूलक अवलोकन, स्थलगत सर्वेक्षण, अन्तर्वार्ता, कुसुण्डा र गैर कुसुण्डा बुढापाकाहरूसँग छलफल तथा भलाकुसारी गरी तथ्याङ्क सङ्कलन गरियो । तथ्याङ्कका स्रोतहरूमा प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरी तथ्य तथ्याङ्क लिइयो । अध्ययनका विभिन्न साधनहरूबाट प्राप्त तथ्याङ्कलाई आवश्यकता अनुसार चरणबद्ध रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

## ३. नतिजाको विश्लेषण

यस खण्डमा उद्देश्यसँग सम्बन्धित रहेर प्राप्त तथ्याङ्कहरूको विश्लेषण गर्ने प्रयास गरिएको छ । यसमा उद्देश्य परिपूर्तिका लागि विभिन्न शीर्षक तथा उपशीर्षक दिई क्रमबद्ध रूपमा अध्ययनलाई बढाइएको छ ।

### ३.१ कुसुण्डा जातिको मूलथलो र उत्पत्ति

जातिको उत्पत्तिबारे विज्ञानवेत्ताले जे भने पनि कुसुण्डाहरूको आफ्नै जानकारी छ । संसारमा चार जातका मानिस छन् । ब्रम्हाका सन्तान ब्राह्मण, विष्णुका सन्तान शासक वर्ग (ठकुरी, क्षेत्री), महेश्वरका सन्तान मगर (मंगोल) र विश्वकर्माका सन्तान लोहार र यी चार जातमध्ये विष्णुका सन्तान ठकुरीहरू नै आफ्ना पूर्खा (वंश) भएको दावी कुसुण्डाहरूको रह्यो । लिलबहादुर कुसुण्डा (प्युठान) र प्रेमबहादुर वनराजा (दाङ) का विचारमा आफ्ना पूर्खाहरूबारे रामायणमा लेखिए अनुसार भएको बताए । उनीहरूका अनुसार **"देवी सीता वनवास रहँदा ऋषि आश्रममा पुत्र जन्मियो, जसको नाम 'लव' रह्यो । एक दिन सीता जलाशयमा नुहाउन जाँदा आफ्नो नानी झोलुङ्गामा सुताई ऋषिलाई हेर्नुहोला भनी पँधेरामा नुहाउँन लाग्दा बाँदरले आफ्नो नानी खेलाएको देखिन । मैले आफ्नो नानी किन छोडें भनी मायाले आश्रममा गई नानी लिइन् । ऋषिहरू ध्यान मग्न अवस्थामा भएकाले त्यो घटना थाहा हुन सकेन । ऋषिले सीताको विलापलाई शान्त पार्न कुशको टुक्रबाट नानी बनाई राखिदिए । सत्ययुगको सत्यले त्यो नानी सीता फर्कदा रुयो । सीताबाट यो नानी कसको हो भनी सोधनी हुँदा ऋषिले यो नानी तिम्रै हो, तिमीले नै पालन पोषण गर भनी उसको नाम 'कुश' राखिदिए । तिनै कुशका सन्तान नै हाम्रा आफ्ना पुर्खा हुन् ।"**

यसै प्रसङ्गमा कुसुण्डाहरूको भनाइमा राम र सीताको मृत्युपछि रामका यिनै दुई भाइ छोराहरूमध्ये लवले रामको राज्य सम्हालेर बसे तर कुशले भने बाबुको राज्य नपाएर वनमा पसे र वनको राजा बनेर बसे, पछि कुशका सन्तानहरू नै वनजङ्गलमा बस्ने राजा बने र तिनका सन्तानहरूलाई कुसुण्डा भनियो । यिनीहरू वनका राजा भएकाले वनमा बस्ने राउटे र अन्य जातिहरूसँग राजकर उठाउने

गर्थे । आफूहरू राजा दशरथका सन्तती राम, लक्ष्मण, लव र कुश जस्तै निडर, वीर र सुरा भएको बताउँदै भने : जसरी राम र लक्ष्मणको मुख्य हतियार धनुवाण थियो, त्यसैगरी हामी वनराजाको मुख्य हतियार पनि धनुकाँड नै हो ।

कुसुण्डा जातिको उत्पत्तिबारेको कथा र उनीहरूको धारणा मेचीदेखि महाकाली भाग २ (२०३१ : ९८८) मा उल्लिखित तथा त्रिभुवन विश्व विद्यालयले चेपाङको संस्कृतिबारे जून, १९७१ मा प्रकाशित गरेको लेखसँग मिल्न जान्छ । यस आधारबाट कुसुण्डाहरूको जातीय उत्पत्तिको धारणा, रामायणले बताएको कुशको जन्म, चेपाङ्को उत्पत्तिसम्बन्धी कथा र कुसुण्डाको मौलिक इतिहास मिल्छ । उनीहरूले आफूलाई वनको राजा नै हामी हौं भन्ने दाबीसँग मिल्न जान्छ । कुसुण्डा जाति र तिनीहरूको भाषा संरक्षण सम्बन्धी कार्यशालामा रानामगर (सन् २०००) को प्रतिवेदन अनुसार : 'वनको राजा आयो दाली भात खायो' र कुसुण्डा जातिको भाषामा 'म्याख्या' भनेको 'राजा' हो । यस भनाइ र प्युठान तिरामका स्थानीय समुदायले कुसुण्डा जातिलाई वनराजा भन्नुको कारण पनि यिनीहरूका पुर्खाहरू पनि वनका राजा नै थिए रे भन्ने कुरासँग मेल खान्छ ।

कुसुण्डाहरूका अनुसार आफ्नो पूर्खाको मूलथलो अर्घाखाँचीको बलकोट, चुत्राबेसी र पाल्पाको मगरातमा पहिले आफ्ना पूर्खा भएको दाबी गर्छन् । तिरामका लीलबहादुर कुसुण्डा आफूले सम्झने बेलामा बाबुभन्दा बाजे पछि मरेको बताउँछन् भने दाङका प्रेमबहादुर वनराजा उनीसँगै बसेका ठूलो समूह पश्चिम कालीपार पाल्पा, स्याङ्जा, तनहुँ, गोरखा आदि ठाउँमा भएको बताउँछन् । यिनीहरू वन जङ्गलमा घुम्दा विशेषगरी दाङ, प्युठान, सल्यान, सुर्खेत जिल्लाका ठूलाठूला जङ्गलमा घुम्ने गरेको बताउँछन् । उनीहरूको घुम्ने शैली सामूहिक थियो । वर्षायाममा उपत्यकामा झर्ने र हिउँदमा जङ्गलको छेउमा बस्ने गर्दथे । यसरी बसोबास गर्दा पानी परेमा ढुङ्गाको ओडार भेटिएमा बस्ने र नभेटिएमा छाप्रो बनाएर बसोबास गर्ने गरेको पाइयो । यसरी कुसुण्डा र गैर कुसुण्डाका भनाइ र अध्ययन प्रतिवेदनहरूका आधारमा कुसुण्डाहरूको बस्ती पूर्वतिरबाट पश्चिमतिर सर्दै गएको पाइन्छ । उल्लिखित भ्रमणशील (nomadic) कुसुण्डा ज्ञानलाई आधुनिक समाजमा विश्वास गरेको पाइँदैन तर उनीहरूको सामूहिक जीवनशैली तथा वातावरण र मौसम अनुसारको कार्यशैलीलाई आधुनिक ज्ञान र व्यवस्थापन कलासँग सम्बद्ध रहेको मानिन्छ । भट्टचन (सन् १९९३) को भनाइमा आफूलाई बनका राजा र ठकुरीका सन्तान भन्ने कुसुण्डाको दाबी पनि उच्च सामाजिक हैसियत प्राप्त गर्ने प्रयास अध्ययन क्षेत्रमा पनि पाइयो ।

### ३.२ कुसुण्डा जातिको मौलिक संस्कृति

कुसुण्डा जातिको संस्कृतिको विषयलाई चर्चा गर्नुभन्दा पहिले मैले कुसुण्डा र राउटे जातिसँगको समानता र जातिगत भिन्नताबारे प्रकाश पार्नु सान्दर्भिक ठानेको छु । कुसुण्डा जस्तै आफूलाई वनको राजाको रूपमा प्रस्तुत गर्ने, बाँदरको सिकार गर्ने, जङ्गल-जङ्गलमा घुम्ने, सूर्यका उपासक 'विरोह' नामको एउटा अल्पसंख्यक समूह भारतको छोटा नागपुरमा पाइन्छ । मुण्ड भाषामा विरोह शब्दले जङ्गली भन्ने जनाउँछ । चेपाङ र कुसुण्डाहरू घुम्ने नेपालका निर्जन जङ्गलहरूमा केही मुण्डभाषी भारतीय आदिवासीहरू पसेको उल्लेख पनि पाइन्छ (कुन, सन् १९६६) ।

नेपालका राउटे र कुसुण्डाहरूमा दुवै भ्रमणशील, जङ्गल-जङ्गल विचरण गर्ने र स्याउलाका अस्थायी छाप्रा हाली बस्ने तथा सिकार गरी जीवन विताउने जस्ता जातीय सामीप्यता र संस्कृति रहेपनि धेरै कुरामा भिन्नता पाइन्छ । त्यो मुख्य भिन्नता हो- राउटेले बाँदर खोजी-खोजी आफ्ना सिकारी जालमा फँसाइ मारी खान्छन् तर कुसुण्डाहरू खुर भएका जनावरको मासु खाँदैनन् । उनीहरू कालिज, लुइँचे, गोहोराको मात्र सिकार गर्छन् । राउटेनीहरू गाउँमा एक्लै माग्न जाँदैनन्, यौन दुराचार हुन्छ कि भन्ठान्छन् तर कुसुण्डेलीहरू गाउँमा एक्लै माग्न जान्थे र झ्याउरे गीतसमेत गाउने गर्दथे । यसबाट के स्पष्ट हुन्छ भने कुसुण्डाले आफूलाई भन्ने गरेको वीर, निडर, वनका राजा भने कुरा पुष्टि हुन्छ ।

त्यसैगरी राउटे मऱ्यो भने सिकारी जालमा बाँधी गाडिन्छ भन्ने कुसुण्डा मर्दा खालि गाडिन्छ । राउटेले बोल्ने भाषालाई खाम्ची भाषा भनिन्छ भने कुसुण्डाले बोल्ने भाषालाई कुसुण्डा भाषा भन्ने गरिन्छ । खाम्ची र कुसुण्डा कुनै पनि शब्दहरू शब्द बनोट, उच्चारण र प्रवृत्तिका दृष्टिले पनि समानता देखिन्न । उदाहरणको लागि कुसुण्डा भाषामा खानुलाई 'तामनन्' र खाम्चीमा 'जाक/जाई' भनिन्छ । कुसुण्डामा टाउकोलाई 'इप्पी', पेटलाई 'गेमट' भनिन्छ भने खाम्चीमा क्रमशः 'गेर्हा', 'गुदोङ' भनिन्छ । कुसुण्डामा रगतलाई 'उयू' र खाम्चीमा 'सूई' भनिन्छ ।

कुसुण्डाको शरीर बनोटको अवलोकन गर्दा प्युठान तिरामका कुसुण्डाहरू मङ्गोलियन जाति हुन् कि भन्ने लाग्छ तर दाङको कुसुण्डाको शारीरिक बनावट ब्राह्मण क्षेत्री जस्तो लाग्छ । वंशगुण र अन्य विशेषताहरूको जीवशास्त्रीय अध्ययन नगरिकन यकिन भन्न उपयुक्त हुँदैन । तथापि अवलोकनबाट के स्पष्ट हुन्छ भने वंशमूलको दृष्टिले कुसुण्डा जनसङ्ख्या विसुद्ध छैन । यदि कुसुण्डामा गैर जातीय विवाह प्रणाली केही समयसम्म जारी रह्यो भने कुसुण्डा प्रजाति नै लोप भई नयाँ जातिको रूपमा रूपान्तरण हुन जाने देखिन्छ ।

कुसुण्डा संस्कृति अत्यन्त कट्टर र आत्मनिर्भर संस्कृतिको पहिचान हो भन्ने बुझ्नुपर्छ तर कुसुण्डेलीहरूले खाद्य सङ्कलन गर्न गाउँमा मागी हिँड्दा सुविधायुक्त नयाँ अनुभव भेट्टाए । पुरुष कुसुण्डाले मारेका वनचरीलाई गाउँमा अनाजसँग साट्ने वा पैसामा बेच्ने चलनले गाउँलेसँगको सम्पर्क भयो । त्यहीँबाट कुसुण्डाको सांस्कृतिक परिवर्तनको सुरुवात भयो । कुसुण्डाहरू घुम्ने मध्यपश्चिम नेपालको मूलधार संस्कृति भनेको खस वा मिश्रित संस्कृति हो । कुसुण्डा जस्तो अल्पसंख्यक जङ्गल केन्द्रित र अनौठो जीवन पद्धति भएको समूह त्यो विशाल खस समाजसँग सम्पर्कमा आउँदा स्वतः परिवर्तित हुँदै जाने कुरा स्वभाविक हो । कुसुण्डा जीवन पद्धति भनेको मूलतः प्रकृत्ति आश्रित जीवन पद्धति हो तर त्यो जीवन पद्धति प्रभावशाली रूपमा रहन सकेन । उनीहरू लोप भएका छैनन्, 'खेतीवाल गाउँले भएका छन् र आफ्नो प्रजातीय पहिचान पूर्ण रूपमा गुमाएका छन् भन्न मिल्दैन । धनुकाँड र पासोको सहाराले गरिने सिकारी शिक्षाले नियमित मासु आपूर्ति हुन नसक्दा कुसुण्डाहरू घरबारे भए, चेपाङहरू खेती गरी घरजम गर्न बाध्य भए । स्मरणीय छ, यी दुवै प्रजातिहरू धनुकाँडबाट सिकार गर्ने गर्थे (राइनहार्ड, सन् १९७६ र गुरुङ सन् १९९५) । कुसुण्डाहरूले अवलम्बन गरेको स्थानीयकरणको क्रमले स्थानीय गाउँले अवलम्बन गरेका मूल्य मान्यता र संस्कार अपनाई हिन्दूकृत भएका छन् । जस्तोः गाइवस्तुको गोबरसमेत नछुने, खुर भएका जनावरको मासु नखाने कुसुण्डाहरूको संस्कृतिभित्र शुद्धीकरणको साधनको रूपमा गहुँत भित्रिन पुग्यो । कुसुण्डाहरूकै शब्दमा उनीहरू हिन्दू नै हुन् । आफ्नो उपल्लो हिन्दू जाति खासगरी ब्राह्मण, क्षेत्रीहरूले अवलम्बन गरेका मूल्य, मान्यता, व्यवहार र संस्कारहरू ग्रहण गर्न उनीहरूलाई अप्ठेरो परेन । यसरी उनीहरू सजिलै संस्कृतीकरण प्रक्रियामा समावेश भई आत्मसातकरण हुँदै गए । विगतका आफ्ना मूल्य र मान्यतालाई समाजले खराब हुन् भन्ने निष्कर्ष र गाउँघरमा गाली गलौज गर्दा कस्तो 'कुसुण्डो' जस्तो रहेछ भन्ने अभिव्यक्तिको प्रत्यक्ष वा परोक्ष रूपमा मनोवैज्ञानिक प्रभाव परेकाले पनि आफ्नो संस्कृति मेटाउँदै गए ।

तिरामका पाका कुसुण्डा लिलबहादुरका अनुसार- **"एकदिन तोरी छिन्न जाँदा गीत गाएर अर्घाखाँची वड्दमारकी मतीदेवी कमिनीसँग विवाह गरे । कमिनीसँग विवाह गऱ्यो भनी आफ्नो समूहले मलाई जाति च्यूत गऱ्यो । यसबाट मलाई लघुताभाषको अनुभव भाछ तर आफ्नी बहिनीको विवाह बडदमारका मगरसँग गरिदिएँ ।"** त्यसैगरी ७३ वर्षीय कुसुण्डेनी मतीदेवीले जीवन भोगाइको कथाबेथा यसरी पोखिन्- "सुरुमा वनराजाले उनलाई सिकार गरेर, गाउँमा कालिज बेचेर र मागेर ल्याएर पालेका थिए । आफू गृहस्थीकी छोरी भएकाले ठूलो जात (वनराजा) लाई धोका दिनु हुन्न भन्ने लाग्यो र उनले जाबी भिरी वनबनमा पासा, धनुकाँड, झिटिझाम्टो साथमा लिई हिँड्ने गरेको जीवनशैली मलाई मन परेन । त्यसैले मैले आफूसँग भएको पेउटे (कोलके) सम्पत्ति बेची किसानी गरी बस्न दवाब दिएँ ।

त्यसरी वनराजा घरराजा भएका हुन् । लेखेको नभई छाड्दै छाड्दैन ।" त्यसैगरी बनरानी मतीदेवीले वनराजाको संस्कृतिलाई यसरी अभिव्यक्त गरिन्- "आफू माइत हुँदा एकदिन ग्वाला गएको बखत राप्ती नदीको किनारमा वनराजाहरूले खाना पकाउन लागेका ठाउँमा गाईको बथान पसेपछि वनराजाहरूले ती भाडाकुँडाको खाना छोडी भागेको घटना स्मरण गर्दै यो जातिका पूर्खाहरू गाईको श्राप परेको हुनुपर्छ ।" यसबाट कुसुण्डाका पुर्खाहरूले गाईप्रति नराम्रो व्यवहार गरेकाले गाईको गोबर नछुने गरेको अनुमान गर्न सकिन्छ । यो अनुमानलाई पुष्टि गर्ने आधारका रूपमा लिलबहादुरको भनाईलाई लिन सकिन्छ । उनका अनुसार "हामी वनराजाहरू स्थानीय खोलामा तरुल सफा गर्न लागेका थियौं, त्यस बखत खोलाले गोबर बगाई ल्यायो । त्यो देखेर हामी तरुल छोडी हिड्यौं ।" उनको माइलो छोरा सेतुलाल भन्छन्- "बुबाले पछिसम्म गाईभैंसीको दूध दही र खुर भएका जनावरको मासु खानु भएन र गाईको गोबर फाल्दा पनि सिकसिको मान्ने गर्नुहुन्छ ।"

गाउँघरमा गाली गलौज गर्दा किन कुसुण्डो जस्तो भनी भन्ने गरिन्छ त ? भन्ने सन्दर्भमा दुई ओटा धारणा भेटिए । पहिलो- गैर कुसुण्डा र कुसुण्डाहरूको खानपान र चालचलन भिन्न रहेछ । आफूभन्दा भिन्न भयो भने कुसुण्डो जस्तो भनी गाली गर्दा रहेछन् । दोस्रो- गाईभैंसीले दूध नदिएमा पनि 'कुसुण्डेबाई' लाग्यो भनी वाक्ने र कुसुण्डेबाईलाई मन्साएपछि पुनः दूध दिन्छ भन्ने विश्वास रहेछ । त्यहाँका उच्च जातिहरूले यो विश्वासको खेती गरिरहेका रहेछन् । अध्ययनकर्ता पनि ब्राह्मणको छोरा भएका नाताले ब्राह्मणहरूबाट नै कुसुण्डाहरूको अपमान भएको हो कि त ? भन्ने विश्वास गरें ।

धार्मिक दृष्टिले पनि कुसुण्डाहरू विधर्मी नभई हिन्दू नै हुन् । लीलबहादुर कुसुण्डाले आफूले थाहा पाउने बेलादेखि राखेको लामो टुप्पीले यस कुरालाई पुष्टी गर्छ । कुसुण्डा प्रकृति (वनदेवता) का उपासक हुन् । यिनका पुर्खाहरूले वनस्पतिलाई रुखमुनि बनकुखुरा पूजा गर्दथे । यिनीहरूमा तान्त्रिक शक्ति थियो । यिनीहरू दुई ओटा कुचाहरू सँगै राख्दैनन् । कुल्चेमा शिव शिव भन्ने गर्छन् । यसबाट उनीहरू शिव भक्त रहेछन् भन्ने पुष्टि हुन्छ । कुशेऔसीका दिन ब्राह्मणहरूले जस्तै एउटा कुश चढाउने परम्परा रहेको पाइयो । अर्कोतिर पितृको पूजा गर्दा कुखुराको रगत नभई नहुने चलन छ । यसबाट उनीहरू शाक्ति देवीपूजक सम्प्रदायका पनि रहेछन् भन्ने बुझिन्छ । आफ्ना पूर्खाले सुँगुर छोएमा १३ दिनसम्म किरिया बार्ने चलन थियो । अहिले अन्य सदस्यबाहेक बूढा लीलबहादुरले १३ दिन किरिया नगरे पनि केटाकेटीले घर बाहिर सुँगुर पकाएर खाएमा पातीले सुनपानी छर्केपछि मात्र भित्र पस्ने गर्छन् । कुसुण्डाहरूले विशेष गरेर माघे संक्रान्तिलाई आफ्नो चाडको रूपमा मनाउने चलन रहेको पाइयो । कुसुण्डा जातिको भेषभूषामा पुरुषले ज्वारीकोट, कालो टोपी, कछाड लगाउँछन् । भाङ्ग्रोको गादो पार्छन् । महिलाले घलेक पार्छन् । गुन्यो चोली लगाउँछन् । कुसुण्डाहरूले सिकार गर्ने बेलामा काठको 'बोल्टो' (सुरक्षा कवच) बनाई लगाउथे तर महिलाले भने काठका ठकुरा (बाला) लगाउँथे ।

कुनै बेला कुसुण्डा नाँच समाजमा ज्यादै प्रचलित थियो । उनीहरू मनोरञ्जन नाँचगान प्रिय थिए । प्रायः सत्यनारायणको पूजा लगाउँदा मानिसहरूले कुसुण्डालाई नाँच्न बोलाउँथे । नाँचे बापत १००/१५० रूपैया जति दिनु पर्दथ्यो । नाँच ज्यादै फुर्तिलो र छिटोछिटो हुन्थ्यो । मादल प्रायः ठूला हुन्थे । मादल आफै बनाई बजाउँथे । सङ्गीतका साधनहरूमा मादल, झ्याली र पैजन हुन्थे । समूहमा कुसुण्डा भाषामा नै गीत गाइन्थ्यो । भाषाका कारण गीत त्यति बुझिँदैनथ्यो । गीत माडिखोले (प्युठानी) र पश्चिमी तालको हुन्थ्यो । मनोरन्जनका सामग्रीहरूको व्यवस्थापन कुसुण्डा स्वयम आफैंले गर्ने गर्थे । मनोरञ्जनका विविध खेलहरूमध्ये कुसुण्डाहरू हाता (लाठी) खेलमा निपूर्ण भएको कुरा प्युठानका लीलबहादुर र दाङका प्रेमबहादुर बताउँछन् । उनीहरूले लाठी नचाउँन सिकाउथे । अझै पनि उनीहरूमा त्यो कला कायमै छ । निसा (रक्सी, जाड) खाएको बेला लड्न, भिड्न, लाठी चलाउन मन पराउने गर्छन् भनी स्थानीय गाउँलेले बताउँछन् ।

कुसुण्डाहरूको सिकारी कला ज्यादै उल्लेख्य रहेको पाइन्छ । उनीहरूले रातमा सिकार गर्दा राँको

सल्काई कालिजको बासमा लुकी धनुकाँडले हिर्काउँछन् र दिउँसोमा गौडामा पासा थापी घाटी खुट्टामा पासो लगाई कालिज मार्ने गर्छन् । गोहोरोलाई धनुकाँडको प्रयोग गरी मार्छन् । कहिलेकाँही गोहोरोलाई जिउँदै पनि समाउँछन् । यदि गोहोरोको कलेजो सफा भएमा त्यो खान्छन् तर कलेजोमा 'मृत्युलोक लेखेको' भएमा खाँदैनन् । यसरी त्यो सिकारी कला आफ्ना सन्ततिमा हस्तान्तरण गरेको पाइन्छ । अहिले पनि पासो बनाउने कला उनीहरूमा ज्यूँदो छ । यसै प्रसङ्गमा लीलबहादुर कुसुण्डाले भने- **"सुत्न गएको कालिज पासोमा पर्दैन, भ्याट्ट गरेको कालिज मात्र पर्दछ ।"**

जन्म र मृत्यु संस्कारको परम्परा पनि कुसुण्डाहरूको आफ्नै खालको छ । सुत्केरी हुने अवस्थामा पुगेकी कुसुण्डेनीलाई प्रसवपीडा सुरु भएको बेला महिलाहरूले आफ्नो अस्थायी छाप्रोमा लान्छन् । बच्चा जन्मेको ११ दिनमा आफ्ना भान्जा भान्जी बोलाई बच्चालाई बाहिर ल्याएर सूर्य नारायणको दर्शन गराई चोखिन्छ । त्यसैगरी कुसुण्डाहरू मरेपछि गाड्ने चलन छ । वनमा ४ हातको खाडल खनी गाडिन्छ । हिँड्ने क्रममा जहाँ मृत्यु हुन्छ त्यहीं छोडेर हिँड्ने (आपत विपतको बेला) पनि गरिन्छ । क्रिया जेठो छोराले गर्छ । यदि छोरा नभएमा भाइ बगालले गर्छ । त्यस समयमा भाइ बगालले समेत नून, मासु खान्नन् । सिकार गर्न जान्नन् । सिकार पनि खान्नन्, तर आजका वनराजाले लासलाई जलाउँछन् ।

### ३.३ कुसुण्डाको संस्कृति र आधुनिक शिक्षाबिचको सम्बन्ध

अध्ययनकर्ताले विद्यालय सर्वेक्षण गर्ने क्रममा कुसुण्डा बालबालिकालाई भेट्टाउन सकेन । घर सर्वेक्षण गर्दा कुसुण्डा परिवारका कुनै पनि सदस्य साक्षरसम्म हुन नसकेको पाइयो । यद्यपि २०४५ सालमा विद्यालयको तर्फबाट कुसुण्डा परिवारका ५ बालबालिकाहरू परामर्शद्वारा भर्ना भए पनि साक्षर नभई विद्यालय छोडेका थिए । स्थानीय जानकारहरू, विद्यालय परिवार तथा स्वयम् कुसुण्डाहरूसँगको अन्तर्वार्ता समेतलाई विश्लेषण गर्दा भ्रमणशील सिकारी जीवनशैली, आफ्नो पैतृक सम्पत्ति नहुनु, जनचेतनाको अभाव, बालबालिकाहरूलाई जिविकोपार्जनको रूपमा प्रयोग गरिनु, विद्यालयमा मातृभाषाको उपेक्षा र जातीय विभेद हुनु आदि कारणहरूले कुसुण्डाहरू विद्यालय शिक्षा आर्जन गर्न नआएको, विद्यालय छोड्ने गरेको र साक्षरसम्म हुन नसकेको पाइयो । शिक्षकहरूले समेत "जङ्गली जाति त हो कुसुण्डा" भन्ने अभिव्यक्तिले परम्पराको असर विद्यमान रहेको प्रमाणित हुन्छ ।

यसरी उनीहरूको यही परम्परागत विशेषता र अस्तित्वलाई निरन्तरता दिने सोचको अवशेषको कारण आफू तथा आफ्ना सन्तानलाई शिक्षादीक्षा दिने र लिनेतर्फ बेवास्ता गरेकाले कुसुण्डा बालबालिकाहरू पढ्न नआएको हुन सक्छ । उनीहरूको सामाजिक स्वरूप फरक देखिएकाले पनि विद्यमान विद्यालय शिक्षाभन्दा फरक र उनीहरूको प्रकृति सुहाउँदो शिक्षाको आवश्यकतालाई इङ्गित गर्दछ । कुसुण्डाहरूमा औपचारिक शिक्षाबाट बञ्चित भए पनि स्वतः स्फूत रूपमा दिईरहेको र ग्रहण गरिरहेका अनियमित सिकाइको प्रक्रिया मार्फत् प्राकृतिक कानुन एवम् संस्कारको पालना गर्न लगाई सिकाइ स्थानान्तरण गर्ने परिपाटी रहेको पाइयो । जस्तैः आफ्ना केटाकेटीहरूलाई अरूको मान सम्मान र आदर गर्न सिकाउने, दैनिक व्यवहारिक क्रियाकलापमा पारङ्गत बनाउने, मौलिक कलाको स्थानान्तरण गर्ने साथै अर्काको मन दुखाउने, चिढाउने र जिरह गर्ने कामलाई पाप सम्झने आदि जस्ता जीवनका आधारभूत कुराहरू सिकाउने गरेको पाइयो ।

कुसुण्डाहरूको शिक्षा उनीहरूको मौलिक संस्कृतिबाट अभिप्रेरित रहेको देखिन्छ । उनीहरूले अनियमित सिकाइको तरिका अवलम्बन गरेको पाइन्छ । सामूहिक सिकार र नाचगान गर्ने परम्पराले सामूहिक भावना रहेको पाइन्छ । पाका कुसुण्डाहरूले आफ्ना सिकारी, डकर्मी आदि कला गरेर सिक्ने तरिकाबाट हस्तान्तरण गरेको पाइयो । त्यसरी देखेको कला र सीपलाई तल्ला पिँढीले अपनाएका छन् । गुलेली, धनुवाण र पासो जस्ता हतियार बनाई समय र परिस्थिति अनुरूप प्रयोग गर्ने तरिका उनीहरूमा छ ।

यसरी कुसुण्डा जातिको भाषा संस्कृति तथा शिक्षासँगको अन्तरसम्बन्धलाई केलाउँदा कुसुण्डा समुदायको परिवर्तनलाई सकारात्मक रूपले हेर्दा फिरन्ते जीवनशैलीबाट आधुनिक जीवनशैलीमा

सामाजिकीकरणको रूपमा आइपुगेका छन् र नकारात्मक परिवर्तन भनेको उनीहरूका विसुद्ध मौलिक आदर्श मानिने भाषा संस्कृति लोपोन्मुख अवस्थामा छन् । कुसुण्डाहरूको विकास, जीवनशैली, भाषा, कला र संस्कृतिको विकास पनि शुद्ध प्राकृतिक वातावरणमा भएकाले प्राकृतिक मूल्यमा विश्वास गर्थे र त्यसलाई प्राप्त गर्न प्रकृतिको सामिप्यमा रहन्थे । उनीहरू प्रकृतिसँग घनिष्ट सम्बन्ध राखी जविनको आनन्द प्राप्त गर्थे र प्रकृतिलाई नै शिक्षा र कलाको गुरु मान्दथे ।

### ३.८ कुसुण्डा बालबालिकाहरूका शैक्षिक समस्या समाधानका उपायहरू

कुसुण्डा बालबालिकाहरूका शैक्षिक समस्याहरू समाधानका सम्भावित उपायहरू के के हुन् सक्छन् ? भन्ने सन्दर्भमा खोजी गरिएको थियो । खोजबाट के देखियो भने कुसुण्डा बालबालिका शैक्षिक समस्याहरू नेपालकै गरिबीको अभाव र सोंचले पिल्सिएका कथाबेथासँग जोडिएका थिए । यसका लागि जनसमुदायलाई आफ्ना बच्चा पढाउनुपर्छ भन्ने अभिमुखीकरण गरेर तथा स्वयं कुसुण्डा परिवारलाई उनीहरूकै भाषा, संस्कृति मूल्य र मान्यताको शैक्षिक महत्त्व प्रकाश पारी सचेतनाका आध्यमबाट अभिप्रेरित गरिनुपर्छ । यसका साथै अनौपचारिक शिक्षाका माध्यमद्वारा ती बालबालिकाहरूलाई उनीहरूकै ज्ञान र सीपमा आधारित (जस्तैः सिकारी कला, सामूहिक जीवनशैली) प्रशिक्षणका कार्यक्रमहरू दिन सके समस्याको समाधान हुने थियो ।

यसैगरी कुसुण्डाभन्दा समाजमा हेय दृष्टिले हेरेको पाइएकाले त्यो प्रवृत्तिलाई हटाई सकारात्मक धारणाको विकास गरिनु पर्दछ । शिक्षक र विद्यार्थीको सोच फेरेर समस्या सामधान गर्न सकिन्छ । पढेर के हुन्छ र ? काम नगरी खानु छैन भन्ने कुसुण्डाको सोच र शिक्षकले नपढाई तलब पाउने र विद्यार्थीहरूमा नपढेर पास होइन्छ भन्ने नकारात्मक सोचलाई सबैले सकारात्मक रूपमा सोच्नु पर्दछ । कुसुण्डाहरूको सामूहिक भावना र लैङ्गिक कार्य विभाजनको परम्परालाई आधुनिक शिक्षा प्रणालीमा खेलकुद, वाद्यविवाद्य, सांस्कृतिक कार्यक्रम, अनुशासन आदि विषयहरूमा एकाकार गर्न सकियो भने समस्याको सामूहिक समाधानको विकास हुन्थ्यो । कुसुण्डाहरूको तिर हान्ने र बल्फाउने सिकारी कलालाई अहिलेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल सुटिङ तथा विद्यालयमा खेलिने सटफट, ज्यावलिङ थ्रो र ज्यामितीय विधिमा प्रयोग गर्न सकिन्छ । हाम्रो वाद्यवाजन गीत, सङ्गीत, नृत्य र लय अहिलेको जग हो भन्ने कुसुण्डाहरूको दाबीलाई सार्थक बनाउन सकियो भने विद्यालयमा ललितकला एवम् सङ्गीतकलाको विकास हुन जान्छ र कुसुण्डा संस्कृतिको संरक्षणमा समेत टेवा पुग्दछ । कुसुण्डाहरूको प्राकृतिक जीवनशैली र प्रकृतिवादीहरूले भनेझैं बालकलाई विना हस्तक्षेप छोडिदिन सक्यो भने स्वतः ज्ञान र कलाको विकास हुने निश्चित छ ।

यसरी के देखियो भने विद्यार्थीलाई विद्यालयमा ल्याउने र उनीहरूकै प्राकृतिक वातावरणमा शिक्षा दिने एकपक्षीय प्रयास अपुग हुँदोरहेछ । एकीकृत प्रयास चाहिँदो रहेछ । कुसुण्डा लगायत विवशताले जेलिएका वर्गलाई विद्यालयमा प्रवेश गराउँदैमा मात्र समस्या समाधान हुँदो रहेनछ । ती बालबालिकालाई कसरी विद्यालय वातावरणमा अडाई राख्ने भन्ने अर्को समस्या पर्दो रहेछ । विद्यालयभित्र र बाहिर शिक्षा प्रदान गर्ने प्रणाली चाहिँदो रहेछ ।

## ४. निष्कर्ष

यस अध्ययनबाट कुसुण्डा संस्कृति मौलिक र निरन्तरताको संस्कृति हो तापनि कुनै जातिले आफ्नो भाषा संस्कृति, कला र मौलिकपनलाई बचाई राखेका छन् भने कुसुण्डा भाषा संस्कृति हाम्रो राष्ट्रबाटै लोप हुने अवस्थामा पुगेको कुरा निष्कर्ष निकालिएको छ । समय, परिस्थिति, बाध्यता, अभाव, विकासका साथै कुसुण्डाहरू असङ्गठित भएका कारणले जातीय दोहोरो कुराकानीको अभावमा यो भाषा लोप हुन लागेको हो भने सिकारी र बनैया जीवन छोडेकाले उनीहरूको संस्कृति हराउन लागेको हो । सबै पक्षबाट एकीकृत रूपमा समन्वय गरेर यिनीहरूका भाषा-संस्कृति, कला र त्यसको शैक्षिक उपादेयतालाई अध्ययन अनुसन्धान गरी अभिलेखबद्ध गर्नुपर्छ । त्यसैगरी कुसुण्डाहरूको मूलथलो

अर्घाखाँचीको 'बलकोट' र 'चुत्रावेसी' तथा पाल्पाको 'मगरात' रहेको र देवी सीताका दुई भाई 'लव' र 'कुश' मध्ये कुशका सन्तान 'कुसुण्डा' हुन् भन्ने निष्कर्ष अध्ययनकर्ताको रह्यो । यसको थप अनुसन्धानको खाँचो औंल्याइएको छ ।

## सन्दर्भग्रन्थ


आचार्य, बलराम (२०६७). **समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोणहरू**. काठमाडौं : सनलाइट पब्लिकेसन ।

कोइराला, विद्यानाथ (२०५४). **नेपालमा दलित र तिनको शिक्षा एक अध्ययन**. काठमाडौं : समता मुक्ति समाज ।

खत्री, प्रेम कुमार र दाहाल, पेशल (२०४४). **नेपाली संस्कृति र सभ्यता**. काठमाडौं : श्रीमती कला दाहाल ।

श्री ५ को सरकार सूचना विभाग (२०३१). **मेचीदेखि महाकालीसम्म, भाग** २, ३ **र** ४. काठमाडौं : लेखक ।

नेपाल एसियाली अनुसन्धन केन्द्र (२०५६). **नेपालका केही पिछडिएका जातिहरूको सामाजिक आर्थिक अध्ययन**. काठमाडौं : त्रिभुवन विश्व विद्यालय ।

लुइँटेल, युवराज (२०५७). **भ्रमणशील राउटे : एक समाजशास्त्रीय अध्ययन**. काठमाडौं : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

'लोपवान कुसुण्डा भाषा र संस्कृति सम्बन्धी २ दिने कार्यशाला गोष्ठी सम्बन्धी प्रतिवेदन' जेठ ६ र ७, २०५७, काठमाडौं ।

Bista, D.R. (2000). *People of Nepal*. Kathmandu: Ratna Pustak Bhandar.

Gurung, H. (2057). *Nepalese Linguistic*. Journal of Nationalities of Nepal. Kathmandu: SENAS.

Rana, B.K. (2000). *Witing a Dead Language*. The Kathmandu Post. April 16, 2000.